SHANTI JOURNAL : A Multidisciplinary Peer Reviewed Journal
Print ISSN: 2961x1601: E-ISSN: 2961-161x
ejournal Site: www.nepjol.info/index.php/shantij
• Peer-Reviewed, Open access Journal
•Indexed in Nepjol

BISHWA SHANTI
CHIRAN-MILAN CAMPUS
URL:
www.bishwashanticampus.edu.np

# भेट कविताको संरचनात्मक विश्लेषण

टीकाराम नेपाल
उप-प्रध्यापक
विश्वशान्ति चिरन-मिलन क्याम्पस

**Article History: Submitted** 28 January **Reviewed** 15 Februray **Revised** 12 March

**Corresponding Author:** टीकाराम नेपाल **E-mail:** pranisnepal@gmail.com

Copyright 2023 © The Author(s). The publisher may reuse published articles with prior permission of the concerned author(s). The work is licensed a Creative Commons Attribution-NonCommercial 4.0 International License . www.nepjol.info/index.php/shantij

## लेखसार

*प्रस्तुत लेख गोपालप्रसाद रिमालको 'भेट' कविताको संरचनात्मक विश्लेषणमा केन्द्रित रहेको छ । कविताको विश्लेषणमा संरचनावाद महत्त्वपूर्ण मानिन्छ । निर्माण वा बनोटका आवश्यक अङ्गहरूको समष्टि तथा वस्तु वा कृतिको सम्पूर्णता तथा त्यसको निर्माण गर्ने घटकहरूको कुलयोगलाई नै संरचना भनिन्छ । पूर्णता, परिवर्तनशीलता र स्वनिष्ठता जस्ता गुणहरुकै कारण कविताको विशिष्ट संरचना निर्माण भएको हुन्छ । वस्तु, सहभागी, परिवेश, उद्देश्य, दृष्टिबिन्दु, भाषाशैलीय विन्यास जस्ता बुनोट र यिनीहरुको समग्रताबाट कविताको बनोट निर्माण भएको हुन्छ । भाषाशैलीय विन्यासभित्र पनि भाषा, शैली, बिम्ब, प्रतीक, अलङ्कार, छन्द, लय जस्ता अवयव पर्दछन् । संरचनात्मक दृष्टिले आख्यानात्मक, नाटकीय र प्रगीतात्मक गरी कविताका तीन प्रकार रहन्छन् । एउटै केन्द्रीय कथ्यमा वर्तुलित विस्तार भएको कवितालाई प्रगीतात्मक कविता भनिन्छ । प्रगीतात्मक कविताको संरचनात्मक विश्लेषण गर्दा परिचय, विभाजन, सङ्गठन, वस्तु, सहभागी, परिवेश, उद्देश्य, दृष्टिबिन्दु, भाषाशैलीय विन्यास जस्ता घटकलाई आधार मान्ने गरिएको पाइन्छ । संरचनात्मक दृष्टिले 'भेट' कविताको विश्लेषण गर्नु नै प्रस्तुत लेखको मुख्य समस्या हो । अतः यहाँ संरचना विश्लेषणका यिनै घटकहरुलाई आधार मानी भेट कविताको विश्लेषण गरिएको*

*छ । गोपालप्रसाद रिमालको 'भेट' कवितालाई आधार सामग्रीका रूपमा लिइएको यस लेखमा संरचनात्मक विश्लेषणसम्बन्धी सिद्धान्त र साहित्यसमालोचनासम्बद्ध सामग्रीलाई द्वितीयक स्रोतका रूपमा ग्रहण गरिएको छ । सामग्री विश्लेषणका क्रममा मूलतः वर्णनात्मक विधि अपनाइएको भए तापनि आवश्यकतअनुसार विश्लेषणात्मक विधिको समेत प्रयोग गरिएको छ । चार पङ्क्तिपुञ्जमा विस्तारित 'भेट' कविता दृश्यहरुमा खासै विभक्त देखिँदैन । प्रजातन्त्रको उदयपूर्व रचिएको यस कविताले जनतामा देखिएको प्रजातन्त्रप्रतिको आस्थाभाव अभिव्यक्त भएको छ । तिमी र उनी मूल सहभागी रहेको यस कवितामा प्रजातन्त्र प्राप्तिका लागि उत्साहित जनतालाई क्रान्ति गर्न कुर्न नहुने सन्देश व्यक्त भएको छ । कवितामा समध्वन्यात्मकताका कारण आन्तरिक लय प्रभावकारी बन्न पुगेको छ । पूर्ण, परिवर्तनशील र स्वायत्त संरचना भएका कारण संरचनात्मक दृष्टिले प्रस्तुत कविता सशक्त र प्रभावकारी रहेको निष्कर्ष यस अध्ययनले प्रस्तुत गरेको छ ।*

**शब्दकुञ्जी :** अभिमुखीकरण, पुष्टीकरण, प्रगीतात्मक, , भावोत्थान, संरचनावाद

## १. विषयपरिचय

गोपालप्रसाद रिमाल नेपाली साहित्यको आधुनिक कालका कवि हुन् । उनको 'आमाको सपना' (२०१९) कविता सङ्ग्रह प्रकाशित छ । यस सङ्ग्रहमा रहेको 'भेट' कवितामा प्रजातन्त्र प्राप्तिका लागि जनतामा देखिएको उत्साहको वर्णन गरिएको छ । यस कविताले जनतामा रहेको स्वतन्त्रताप्रतिको उत्साहलाई अझै उद्दीप्त पारेको देखिन्छ । वि.सं. २००२ मा नै 'शारदा' पत्रिकामा प्रकाशित यो कविता प्रगीतात्मक किसिमको रहेको छ ।

कविताको विश्लेषणमा संरचनावाद महत्त्वपूर्ण मानिन्छ । निर्माण वा बनोटका आवश्यक अङ्गहरूको समष्टि तथा वस्तु वा कृतिको सम्पूर्णता तथा त्यसको निर्माण गर्ने घटकहरूको कुलयोगलाई नै संरचना भनिन्छ । कृति विश्लेषणमा संरचनात्मक प्रारुप महत्त्वपूर्ण मानिन्छ । यो कृतिको विश्लेषण र मूल्याङ्कन गर्ने रुपरेखा हो । संरचनावादी सिद्धान्तका आधारमा तयार पारिएको यस्तो प्रारुपमार्फत कविता विश्लेषण गर्दा निश्चित घटकहरुलाई अँगाल्ने गरेको पाइन्छ । यसमा मूलतः विभाजन, विश्लेषण, वस्तु, सहभागी जस्ता स्थूल र उद्देश्य, दृष्टिबिन्दु, भाषाशैली जस्ता सूक्ष्म घटकको प्रयोग गरी कविताको विश्लेषण गर्ने गरिएको पाइन्छ । यिनै घटकका आधारमा 'भेट' कविताको अध्ययन, विश्लेषण गर्नु मुख्य समस्या रहेको छ । संरचनात्मक दृष्टिले 'भेट' कविताको अध्ययन गर्ने उद्देश्य यस लेखको रहेको छ ।

मोहनराज शर्माले 'समकालीन समालोचना सिद्धान्त र प्रयोग नामक पुस्तकमा 'भेट' कविता संरचनात्मक दृष्टिले प्रगीतात्मक रहेको उल्लेख गरेको पाइन्छ । खगेन्द्रप्रसाद लुइटेलले कविता सिद्धान्त र नेपाली कविताको इतिहास' नामक पुस्तकमा रिमालका कविता प्रतीकात्मक, राष्ट्रियता र

देशप्रेमले भरिएका तथा भावानुकूल सरल, सरस र स्वाभाविक हुने उल्लेख गरेका छन् । लक्ष्मणप्रसाद गौतमले 'समकालीन नेपाली कविताका प्रवृत्ति' नामक पुस्तकमा रिमालले शास्त्रीय छन्दोबद्ध कविताको परम्परा भत्काएर नयाँ पदावली, बिम्ब र प्रतीकहरूको प्रयोग गरेको उल्लेख गरेका छन् । गोपालप्रसाद रिमालका कविताको विभिन्न पद्धतिबाट अध्ययन भएको पाइए तापनि प्रस्तुत कविताको संरचात्मक विश्लेषण पद्धतिको पूर्ण पालन गरी अध्ययन विश्लेषण भएको देखिँदैन । अतः संरचनात्मक दृष्टिबाट यिनका कविताको अध्ययन विश्लेषण गर्नु महत्त्वपूर्ण कुरा हो । यस दृष्टिले यो कार्य आफैँमा औचित्यपूर्ण देखिन्छ । कविताको संरचनात्मक विश्लेषणको प्रारूपअनुसार विश्लेषणबारे जान्न चाहने जो कोहीलाई यस आलेखले सहयोग पुऱ्याउने छ । यहाँ संरचनात्मक विश्लेषणका लागि निर्धारित विभाजन, सङ्गठन, वस्तु, सहभागी, परिवेश, उद्देश्य, दृष्टिबिन्दु, भाषाशैलीय विन्यास जस्ता घटकका आधारमा यस कविताको विश्लेषण गरी निष्कर्षसम्म पुगिएको छ ।

## २. अध्ययन विधि

अध्ययन विधिअन्तर्गत सामग्री सङ्कलन विधि र सैद्धान्तिक पर्याधारलाई निम्नानुसार चिनाइएको छ :

### २.१ सामग्री सङ्कलन विधि

प्रस्तुत अध्ययन पत्रमा सामग्री सङ्कलनको पुस्तकालयीय पद्धतिलाई अङ्गीकार गरिएको छ । यस सन्दर्भमा गोपालप्रसाद रिमालको 'आमाको सपना' कृतिलाई प्राथमिक स्रोतका रुपमा लिइएको छ भने द्वितीयक स्रोतका रुपमा कविताको संरचना विश्लेषणसम्बन्धी अन्य कृतिहरुलाई लिइएको छ । कविताको संरचना भनेको के हो ? भन्ने कुरा यसको सैद्धान्तिक जानकारी दिने कृतिबाट लिइएको छ भने त्यसको पुष्टि 'भेट' कविताबाट गरिएकाले यहाँ मूलत : निगमनात्मक विधिको र आवश्यकताअनुसार आगमनात्मक विधिको पनि उपयोग गरिएको छ । गुणात्मक पक्षको विश्लेषण गर्ने यो अध्ययन पाठविश्लेषण पद्धतिमा नै आधारित छ ।

### २.२ सैद्धान्तिक पर्याधार

कवि शब्दले काव्य सिर्जना गर्ने व्यक्तिलाई बुझाउँछ । काव्यको समानार्थी शब्द रहेको कविता शब्द 'कवि' शब्दमा 'ता' जोडिएर बन्छ, जसको अर्थ कविको रचना वा कविबाट सिर्जित भन्ने हुन्छ । साहित्यका अन्य विधा जस्तै कविताको पनि विशिष्ट संरचना हुन्छ । संरचना शब्दले साहित्यिक कृतिलाई एकीकृत ढङ्गले पूर्ण आकृति प्रदान गर्ने अंशहरूको अभिरचना वा विन्यासलाई जनाउँछ (लुइटेल, २०६२, पृ.४४) । हरेक कृति विभिन्न घटकहरूद्वारा निर्मित पूर्ण, जीवन्त र स्वनिष्ठ संरचना हो । कविता विश्लेषण गर्ने विभिन्न आधारमध्ये संरचनात्मक प्रारुप पनि एक

हो । यसअनुसार कविताको विश्लेषण गर्दा विभाजन, सङ्गठन, वस्तु, सहभागी, परिवेश, उद्देश्य, दृष्टिबिन्दु, भाषाशैलीय विन्यास जस्ता घटकहरुलाई आधार मानिन्छ (लुइटेल, २०६२, पृ.३०१) । कविताको संरचक घटकका सन्दर्भमा भाषाशैलीय विन्यासले भाषा, शैली, बिम्ब, प्रतीक, लय, छन्द, अलङ्कार आदिको व्यवस्थापनलाई बुझाउँछ (गौतम, २०६६, पृ.२५०) । संरचनात्मक विश्लेषणको गर्दा यस्ता घटकहरुको माध्यमबाट कृतिको अध्ययन विश्लेषण गरिन्छ ।

कुनै पनि कृतिलाई लघु एकाइमा वितरण गर्नु नै विभाजन हो । भाग, अङ्क, दृश्य, पङ्क्तिपुञ्ज जस्ता एकाइमा कवितालाई विभाजन गरेको पाइन्छ । संरचनालाई पूर्णता गर्ने सन्दर्भबाट परस्पर सम्बद्ध तथा स्वतन्त्र प्रकार्य हुन अङ्गहरुको व्यवस्थापनलाई चाहिँ सङ्गठन भनिन्छ (लुइटेल, २०६२, पृ.३०१) । कवितामा पाइने मूल कथ्यलाई वस्तु भनिन्छ । यो कृतिको सार तत्त्व हो । कृतिमा रहने पात्र वा चरित्रलाई सहभागी भनिन्छ । रचनाका सहभागी हुन आउने पात्र नै वास्तवमा सहभागी हो (गौतम, २०६६, पृ. २४८) । कविताका सहभागीले सहभागिता जनाउने ठाउँ, समय, वातावरणलाई परिवेशका रुपमा चिनिन्छ । सहभागी क्रियाकलाप विभिन्न परिवेशमा घटित हुने गर्दछन् । कविले कविताको रचना गर्नुका पछाडि कुनै न कुनै खास प्रयोजन हुन्छ । कविताको त्यस्तो प्रयोजनलाई उद्देश्यका रुपमा चिनिन्छ । उद्देश्यबिनाको रचना हुन सक्दैन । कृतिलाई पाठकसम्म उपस्थित गर्ने तरिकालाई चाहिँ दृष्टिबिन्दु भनिन्छ । यसले लेखक र पाठकका बिच सम्बन्ध स्थापना गर्ने कार्य गर्दछ (लुइटेल, २०६०, पृ.९७) । भाषाशैलीय विन्यास कविताको अर्को महत्त्वपूर्ण तत्त्व हो । कृतिमा भाषाशैलीय विन्यासले भाषा, शैली, बिम्ब, प्रतीक, लय, छन्द, अलङ्कार आदिको व्यवस्थापनलाई बुझाउँछ । कविता अध्ययनका उपर्युक्त घटकहरुलाई मूल आधार बनाई यहाँ 'भेट' कविताको विश्लेषण गरिएको छ ।

## ३. 'भेट' कविताको विश्लेषण

कविताको संरचनात्मक विश्लेषणको ढाँचालाई आत्मसात् गरी 'भेट' कविताको विश्लेषण निम्नानुसारका उपशीर्षकमार्फत गरिएको छ :

### ३.१. विभाजन

'भेट' शीर्षकको कवितालाई पङ्क्तिपुञ्ज, दृश्य, पुनरावृत्ति, उपवाक्य आदिका आधारमा निम्नलिखितअनुसार विभाजन गरिएको छ :

पङ्क्तिपुञ्ज १, दृश्य : औँसीको रात (निरङकुश राणाशासन)
प्रसङ्ग : निरङकश शासनको अन्त्य र प्रजातन्त्रको स्थापनाका लागि पर्खनु नहुने,
पुर्नेको जूनलाई किन पर्खेको ? (१)
भेट्ने उनैलाई हो क्यारे, (२)

तिमी उनलाई उनकै प्रकाशमा देख, (३)
तिमी उनलाई आजै यो औँसीको रातमा भेट । (४)
पङ्क्तिपुञ्ज २, दृश्य : उही
प्रसङ्ग - १ : राणाशासनलाई पुसको चिसो र प्रजातन्त्रलाई वसन्तको सुवाससँग तुलना

आउने त्यो वसन्तलाई किन कुरेको ? (५)
तिमीले खोजेको फूल हो र ? (६)
उनकै सुवासमा तिमी सास फेर, (७)
(तिमी उनलाई आजै यो) आएको पुसमै भेट । (८)

प्रसङ्ग - २, पुनरावृत्ति २ : (४) को पुनरावृत्ति
तिमी उनलाई ... (९)

पङ्क्तिपुञ्ज ३, दृश्य : उही
प्रसङ्ग १ : प्रश्न

भेटमा ओझाले साइत गाओस् भन्ने छ ? (१०)
के उनको बोली सुरिलो छैन ? (११)

प्रसङ्ग २ : अनुरोध

उनको बोलीको लयमा तिमी खालि मुन्टो हल्लाउँदै- (१२)
ताल मात्रै दिन सक, (१३)
तिमी उनलाई अहिले नै बिनाबाजा नै भेट । (१४)

प्रसङ्ग ३ : पुनरावृत्ति (३)
तिमी उनलाई ... (१५)

पङ्क्तिपुञ्ज ४, दृश्य : उही
प्रसङ्ग १ : पुनस्मरण

तिमीले कल्पनामै कैयौँ चोटि उनलाई (१६)
इन्द्रधनु जस्तो चुनरीको घुम्टो ओढाइदिसक्यौ, (१७)
मुजुरको घाँटी-रङ्गको साटनको चोलो लगाइदिसक्यौ, (१८)

त्यसैले भेटमा त्यस्तो घुम्टो र चोलो (१९)
लैजाने सुर होला, (२०)
प्रसङ्ग २ : प्रजातन्त्रप्रतिको तीव्र मोह
तर तिमी उनी जस्ती छिन् उस्तै नै भेट, (२१)
बजार जाने बेर नगर। (२२)

प्रसङ्ग ३ : प्रजातन्त्रप्रति जनतालाई उत्साहित गर्ने
उनको लाज नै उनको घुम्टो होस् (२३)
तिम्रो अँगालोले उनलाई छोपोस्, (२४)
साटन जस्तो उनको छाला हेर, (२५)
उनी जस्ती छिन् उस्तै नै भेट। (२६)

प्रसङ्ग ३ : पुनरावृत्ति (४)
तिमी उनलाई ... (२७)

यसरी 'भेट' कविता सत्ताइस पङ्क्ति र चार पङ्क्तिपुञ्जमा संरचित देखिन्छ। यस कवितामा मूलतः औँसीको रातको एकै दृश्य रहेको पाइन्छ। पहिलो प्रसङ्ग निरङकुश शासनको अन्त्य र प्रजातन्त्रको स्थापनाका लागि पर्खनु नहुने भन्ने किसिमको छ। दोस्रो पङ्क्तिपुञ्जको प्रसङ्गले राणाशासनलाई पुसको चिसो र प्रजातन्त्रलाई वसन्तको सुवाससँग तुलना गरेको छ। पङ्क्तिपुञ्ज तीनले प्रश्न, अनुरोध र पुनरावृत्तिको प्रसङ्गलाई समेटेका छन्। पुनस्मरण, प्रजातन्त्रप्रतिको तीव्र मोह र पुनरावृत्तिको प्रसङ्गलाई पङ्क्तिपुञ्ज चारले समेटेको देखिन्छ।

## ३.२ सङ्गठन

भेट कविता माथि उल्लेख भए झैँ ४ पङ्क्तिपुञ्ज र २७ पङ्क्तिमा विभाजित रहेको छ। यस कविताको सङ्गठनलाई निम्नानुसार देखाउन सकिन्छ

**१. आदिभाग : १ (१-२)**
**अभिमुखीकरण : १, (१)**
पुर्नेको जूनलाई किन पर्खेको ? (१)
कसैले पुर्नेको जून (प्रजातन्त्र/स्वतन्त्रता) पर्खेकोतर्फ प्रश्न गर्नु।
प्रस्तावना १, (२)
भेट्ने उनैलाई हो क्यारे, (२)
उनै (प्रजातन्त्र) लाई नै भेट्ने हो भने ढिलो नगर, अहिले नै भेट भन्ने भाव व्यक्त गर्नु।
**२. मध्यभाग : १-४, (३-२२) : विस्तार**

तिमी उनलाई उनकै प्रकाशमा देख, (३)
तिमी उनलाई आजै यो औँसीको रातमा भेट । (४)
आउने त्यो वसन्तलाई किन कुरेको ? (५)
तिमीले खोजेको फूल हो र ? (६)
उनकै सुवासमा तिमी सास फेर, (७)
(तिमी उनलाई आजै यो) आएको पुसमै भेट । (८)
तिमी उनलाई ... (९)
भेटमा ओभ्काले साइत गाओस् भन्ने छ ? (१०)
के उनको बोली सुरिलो छैन ? (११)
उनको बोलीको लयमा तिमी खालि मुन्टो हल्लाउँदै- (१२)
ताल मात्रै दिन सक, (१३)
तिमी उनलाई अहिले नै बिनाबाजा नै भेट । (१४)
तिमी उनलाई ... (१५)
तिमीले कल्पनामै कैयौँ चोटि उनलाई (१६)
इन्द्र धनुजस्तो चुनरीको घुम्टो ओढाइदिसक्यौ, (१७)
मुजुरको घाँटी-रङ्गको साटनको चोलो लगाइदिसक्यौ, (१८)
त्यसैले भेटमा त्यस्तो घुम्टो र चोलो (१९)
लैजाने सुर होला, (२०)
तर तिमी उनी जस्ती छिन् उस्तै नै भेट, (२१)
बजार जाने बेर नगर । (२२)

यस कवितामा उनी (प्रजातन्त्र) प्रति आकर्षित भएर भेट्ने तीव्र चाहना राख्ने आम जनताप्रति सम्बोधन गर्दै विभिन्न सुझावहरु प्रस्तुत गरिएको छ । कवितामा प्रजातन्त्रप्रति आस्थावान् नेपालीलाई क्रान्तितर्फ उत्साहित गरिएको छ भने निरङ्कुश शासनलाई अँध्यारो रातका रुपमा चिनाइएको छ । प्रजातन्त्र प्राप्तिका लागि वसन्त या कुनै खास समय पर्खनु नहुने, प्रजातन्त्रको सपना नेपालीले पहिला नै सजाइसकेको र त्यसका लागि सङ्घर्ष सुरु गरिसकेको जस्ता प्रसङ्ग कवितामा आएका छन् ।

### ३. अन्त्यभाग : ४, (२३-२७)

#### १) पुष्टीकरण तथा निष्कर्षण : ४, (२३-२७)

उनको लाज नै उनको घुम्टो होस् (२३)
तिम्रो अँगालोले उनलाई छोपोस्, (२४)
साटन जस्तो उनको छाला हेर, (२५)
उनी जस्ती छिन् उस्तै नै भेट । (२६)
तिमी उनलाई ... (२७)

यस कविताको प्रस्तावनामा उनै (प्रजातन्त्र) लाई नै भेट्ने हो भने पुर्नेको जून पर्खनु आवश्यक नभएको भनिएको छ । प्रजातन्त्र प्राप्तिका लागि तत्काल अघि सर्न नेपाली जनतालाई

आग्रह कवितामा गरिएको छ । आशा गरेजस्तै प्रजातन्त्रको स्वरुप रहेकाले त्यसको प्राप्तिमा शङ्का नगरी अघि बढ्न अनुरोध छ । अतः प्रस्तावनाको पुष्टीकरण र निष्कर्षण यहाँ एकसाथ अभिव्यञ्जित भएको देखिन्छ ।

## ३.३ वस्तु : भाव विकास र व्यवस्थापन

'भेट' कविताको विषयवस्तुका रुपमा रहेको भावको विकास र व्यवस्थापनलाई निम्नानुसार देखाइएको छ :

| भावविस्तार | पङ्क्तिपुञ्ज | दृश्य | भाव |
|---|---|---|---|
| १. आदि | १, (१, २) | औँसीका रात (निरङ्कुश शासन) | १) स्वतन्त्रता/प्रजातन्त्रलाई कुरेर नबस्ने (१)<br>२) प्रजातन्त्रलाई नै चाहेको भने आजैबाट त्यसको प्राप्तिमा लाग (२) |
| मध्यभाग | १ (३-४) | उही | ३) त्यो प्रजातन्त्र अनुभव गर्न सकिने, प्रस्ट देखिने हुने छ (३)<br>४) त्यस्तो प्रजानन्त्रलाई तिमी यही कठोर शासनका बेलामा नै खोज र भेट (४) |
| | २ (५-९) | पुसका) जाडा) र औँसीका) रात (निरङ्कुश शासन) | १) फूल पाउनलाई वसन्त नै कुर्नुपर्छ भन्ने छैन ? (५-६)<br>२) प्रजातन्त्रमा मात्र तिमी स्वतन्त्रताको स्वास फेर्ने छौ । (७)<br>३) यो पुसको जाडो जाडो जस्तो निरङ्कुशतालाई तिमी आजै अन्त्य गर्न लाग । (८)<br>४) पुनरावृत्ति २ (४) (९) |
| | ३ (१०-१५) | उही | १) प्रजातन्त्र कुनै साइत गरेर ल्याउने होइन (१०)<br>२) प्रजातन्त्र मिठो सङ्गीतसरह हुने छ तर तिमीले यसलाई आत्मसात् गर्ने छौ (११-१२)<br>तिमी त्यसैमा ऐक्य हुने छौ । (१३)<br>तिमी प्रजातन्त्र प्राप्तिका लागि तयार बन । (१४)<br>पुनरावृत्ति ३ (४) (१५) |
| | ४ (१६-२२) | उही | प्रजातन्त्रको अनुभव कल्पनामा गरिसकेका छौ । (१६-१७)<br>प्रजातन्त्रको सुन्दरतालाई मनमा सजाइसकेका छौ (१८)<br>प्रजातन्त्रका विविध पक्षमा सुधार गर्न चाहेका हौला |

| | | | |
|---|---|---|---|
| | | | तर त्यस्तो स्वतन्त्रता आफैँमा पूर्ण र सुखद् छ। (१९-२०)<br>त्यसैल) तिमी (नेपाली जनता) प्रजातन्त्रका)<br>वास्तविक स्वरुप नै छिटोभन्दा छिटो प्राप्त गर्नतर्फ लाग। (२१-२२) |
| अन्त्यभाग | ४ (२३-२७ | | प्रजातन्त्रको सौन्दर्यले जनताको जीवनमा खुसी दिओस् (२३-२४)<br>प्रजातन्त्रको वास्तविक स्वरुप नै आनन्ददायक भएकाले त्यसको वास्तविक रुपलाई नै नेपाली जनताले प्राप्त गर्न सकुन्। (२५-२६)<br>पुनरावृत्ति ४ (४) (२७) |

## १. आदि भाग : १, (१-२) भाव प्रतिपादन

'भेट' कविताको आदि भागमा पुर्नेको जूनलाई पर्खिनु आवश्यक नभएको कुरा उल्लेख गरिएको छ। तिमी (नेपाली जनता) लाई सम्बोधन गरी लेखिएको यस कविताको प्रस्तुत अंशमा उनै (प्रजातन्त्र) लाई भेट्ने तिम्रो (नेपाली जनताको) चाहना हो भने कत्ति पनि बेर गर्न नहुने बताइएको छ। यसरी प्रजातन्त्र प्राप्तिको तीव्र चाहना अभिव्यक्त भएको प्रस्तुत कविताको मुख्य भावलाई यसको आदि भाग (सुरुका दुई पङ्क्ति) ले उठान गरेको पाइन्छ।

## २.मध्य भाग : १-४, (३-२२) : भावोत्थान

कविताको आदि भागमा प्रस्तावित मुख्य भावलाई नै यहाँ विस्तार गरिएको पाइन्छ। प्रजातन्त्रको सुनौलो किरण आउने प्रतीक्षामा औँसीमा बस्न नहुने समाख्याताको भनाइ रहेको देखिन्छ। निरङ्कुश शासनले नेपाल र नेपालीको भलाइ नगर्ने प्रस्ट भएपछि प्रजातान्त्रिक व्यवस्थाका लागि सम्पूर्ण जनता जागरुक हुनुपर्छ। वसन्तमा फूल फुल्ने आशमा पुसको पीडा सहनु नहुने भन्दै प्रजातन्त्रको कल्पना मात्र गरेर त्यसको प्राप्तिका लागि सङ्घर्ष नगरी बस्न नहुने कुरा यहाँ उल्लेख भएको छ।

प्रजातन्त्रको सुनौलो सपनालाई हरेक नेपालीले मन मस्तिष्कमा सजाइसकेका छन्। क्रान्ति कुनै साइत गरेर सुरु हुँदैन। निरङ्कुश शासन व्यवस्थालाई अन्धकार (औँसी) सँग तुलना गर्दै जनतालाई प्रजातन्त्रको उज्यालो प्राप्तिका लागि उत्साहित हुन पनि कवितामा आग्रह गरिएको छ। जनताले गर्ने शासन व्यवस्था भएकाले यस्तो व्यवस्था (प्रजातन्त्र) लाई अनावश्यक शङ्का गरी समय व्यतीत गर्न नहुने धारणा कविको पाइन्छ।

जनतामा परिवर्तनको लहर सिर्जना भइसकेको छ । क्रान्तिका लागि सबै जनता तयार छन् । नेतृत्वको इसारामा काम गर्न नेपाली जनता अग्रसर देखिन्छन् । उनीहरुको परिवर्तनतर्फको वेग रोकिने छैन । लयमा लय र तालमा ताल दिन मात्र सके परिवर्तनको आँधीबेहरी सिर्जना भइहाल्ने छ । नेपालीहरुले क्रान्ति र त्यसले निर्माण गर्ने सुखद् जनतामैत्री वातावरणको कल्पनामा नवीन संसार सजाइसकेका छन् । स्वतन्त्रता आफैँमा प्रजातन्त्रको गहना हो । यसलाई अनावश्यक शृङ्गारको आवश्यक छैन । यसरी प्रजातान्त्रिक व्यवस्थाप्रति आतुर तत्कालीन नेपाली समाजको मनोविज्ञानलाई उदीप्त पार्ने कार्य प्रस्तुत कविताको मध्य भागले गरेको पाइन्छ ।

## ३. अन्त्य भाग : ४, (२३-२७) भावोत्कर्ष

निरङ्कुश शासनबाट प्रताडित जनता प्रजातान्त्रिक व्यवस्थाप्रति आस्थावान् बन्न पुगेका छन् । अलोकप्रिय बनेको राणाशासनको अन्त्य गरी स्वतन्त्र बन्ने व्यग्र चाहना जनतामा छ । समाख्याताले प्रजातन्त्र प्राप्तिका लागि धैर्य तोड्नुपर्ने र क्रान्तिमा होमिनुपर्ने भाव व्यक्त गरेका छन् । जनतामा सल्बलाएको क्रान्तिको चेतनाले मूर्त रुप प्राप्त गरोस् र सुशासनले भरिएको प्रजातन्त्र प्राप्त होओस् भन्ने कविको विचार कविताको अन्तिम भागमा आएको देखिन्छ ।

प्रस्तुत कविता एउटै मूलभावमा वर्तुलित छ । प्रजातन्त्र प्राप्तिका लागि उठ, जाग, प्रतीक्षा नगर भन्ने कसिमका आज्ञार्थ भावबोधक क्रियाहरू  प्रशस्त पाइन्छ । प्रजातन्त्रको आशा जुनतरहले जनताले गरेका छन् भोलि त्यो निराशाजनक नहोओस् भन्ने इच्छार्थ भाव पनि समाख्याताको छ । कवितालाई पङ्क्तिपुञ्ज १ (४) मा रहको अंशको पुनरावृत्तिबाट समापन गरिएको छ । भावको क्रमिक विकास, आन्तरिक तथा बाह्य सुसङ्गति आदिले कवितात्मक सङ्कथनलाई संरचनागत पूर्णता दिएको देखिन्छ ।

## ३.४ सहभागी र सहभागिता

'भेट' कवितामा म, उनी र तिमी गरी मुख्य तीन पात्र रहेका छन् । तिमीप्रति सम्बोधन गरी लेखिएको कविता भएकाले समाख्याताको सहभागिता अमञ्चीय रहेको छ । यी पात्रहरुका चारित्रिक अभिलक्षणलाई तलको तालिकामा देखाइएको छ :

| | म | तिमी | उनी |
|---|---|---|---|
| १ | समाख्याता | उनलाई भेट्न चाहने | जून जस्ती |
| २ | वक्ता | उचित समय मिलाएर उनलाई भेट्ने प्रतीक्षामा रहेको | आफ्नै प्रकाश र फूल जस्तो सुवास भएकी |
| ३ | टिप्पणीकर्ता | कल्पनामै उनलाई सजाइसकेको | साटन जस्तो छाला भएकी लजालु |

यो कविता 'तिमी' प्रति सम्बोधनात्मक रुपले लेखिएको छ । तिमीलाई विभिन्न किसिमका आग्रह गर्ने क्रममा समाख्याताको उपस्थिति देखिन्छ । 'तिमी'ले 'उनी'लाई गरेको व्यवहारप्रति समाख्याताको टिप्पणी रहेको देखिन्छ । उनलाई भेट्नका लागि आतुर भए पनि उचित अवसर पर्खेको 'तिमी' पात्रलाई तत्काल भेटका लागि 'म' पात्रले प्रोत्साहित गरेको देखिन्छ । जहानियाँ राणाशासनको अन्त्यका लागि तिमी अर्थात आम नेपाली जनता तत्काल क्रान्तिमा उत्रनु पर्ने भाव समाख्याताको देखिन्छ ।

यस कवितामा प्रमुख सहभागीका रुपमा रहेको 'तिमी' पात्र मौन श्रोताका रुपमा मात्र उपस्थित छ । तिमी पात्र प्रजातन्त्र प्राप्तिका लागि सङ्घर्षरत समग्र नेपाली जनताको प्रतिनिधि पात्र हो । कवितामा समाख्याताबाट तिमी पात्रका क्रियाकलाप वर्णित छ । वास्तवमा तिमी पात्र उनी (प्रजातन्त्र) लाई भेट्नका लागि व्याकुल छ । यद्यपि तिमी उनीलाई भेट्ने उपयुक्त समयको प्रतीक्षामा रहेको छ । तिमी पात्र उनीलाई आफ्नो मानसपटलमा सजाउँछ । तिमी पात्रले कल्पनामै उनीलाई चुनरीको घुम्टो र साटनको चोलोले सजाइसकेको छ ।

प्रस्तुत कविताको अर्को सहभागी 'उनी' हो । प्रतीकात्मक रुपमा उनी पात्र प्रजातान्त्रिक व्यवस्था हो । समाख्याताकै माध्यमबाट उनी पात्रको पनि चारित्रिक विशेषता वर्णन भएको छ । स्त्रीलिङ्गीकरण गरीएको उनी पात्र आफ्नै प्रकाशले प्रकाशित रहेको वर्णन छ । लजालु रहेकी उनी पात्रको छाला साटन जस्तो आकर्षक र सुकोमल रहेको कुरा समाख्याताले वर्णन गरेका छन् ।

कवितामा तिमी पात्रलाई समाख्याताले विभिन्न कुराको आग्रह गरेको छ । तिमी पात्र मौन श्रोता बनेर समाख्यातालाई सुनिरहेको छ । तिमीका समग्र गतिविधि समाख्याताले नै वर्णन गरेको पाइन्छ । उनीको प्राप्तिका लागि लालायित तिमीलाई उत्प्रेरित गर्ने काममा समाख्याताको मुख्य भूमिका देखिन्छ । उनी पात्रको सौन्दर्य वर्णन पनि समाख्याताबाटै भएको देखिन्छ । अतः कवितामा समाख्याता, उनी र तिमी तीनै पात्रको महत्त्वपूर्ण भूमिका देखिन्छ ।

## ३.५. परिवेश

'भेट' कवितामा परिवेश जनाउने स्थान, काल र वातावरण सूचक तथ्याङ्कहरुको प्रयोग देख्न सकिन्छ ।

प्रस्तुत कवितामा स्थान सूचक परिवेशलाई निम्नानुसारको तथ्यले प्रस्ट देखाएको छ :

१. बजार... (२२)

यस कवितामा स्थानसूचक परिवेशका रुपमा बजार आएको छ । यहाँ बजार शब्दले उनलाई दिनका लागि केही सामान किन्ने ठाउँका रुपमा वर्णन गरिएको छ । उनका लागि घुम्टो र चोलो किन्न बजार गएर समय बर्बाद गर्न नहुने कुरा यहाँ उल्लेख गरिएको छ । प्रजातान्त्रिक व्यवस्थालाई

अनावश्यक विशेषता र शृङ्गार आवश्यक नपर्ने बरु यसको आफ्नै विशेषता र रुप सौन्दर्य हुने कथ्यलाई यहाँ बजारका सन्दर्भबाट प्रस्तुत गरिएको पाइन्छ ।

यस कवितामा समय सूचक परिवेशलाई निम्नानुसारको तथ्यले प्रस्ट देखाएको छ :

१. पुर्नेको जून... (१)
२. ...औँसीको रात... (४)
३. ..वसन्त ... (५)
४. ... पुस... (८)

यस कवितामा समय सूचक परिवेशका रुपमा पुर्नेको जून, औँसीको रात, वसन्त, पुस जस्ता शब्द आएको देखिन्छ । पुर्नेको जूनले यहाँ उज्यालो, स्वतन्त्रता वा प्रजातन्त्रलाई बुझाउन खोजेको छ । त्यस्तै औँसीको रातले निरहङ्कुश राणाशासनलाई सङ्केत गरेको देखिन्छ । समय सूचक परिवेशका रुपमा आएको वसन्तले स्वतन्त्रता प्राप्तिका लागि सङ्घर्ष गर्ने उचित समयलाई अर्थ्याएको देखिन्छ । त्यस्तै पुस शब्दले कठोर शासनले प्रताडित समयलाई बुझाएको छ ।

यस कवितामा वातावरण सूचक परिवेशलाई निम्नानुसार तथ्यले देखाएको छ :

१. उनकै सुवासमा तिमी सास फेर, (७)
२. के उनको बोली सुरिलो छैन ? (११)
उनको बोलीको लयमा तिमी खालि मुन्टो हल्लाउँदै- (१२)
ताल मात्रै दिन सक, (१३)
तिमी उनलाई अहिले नै बिनाबाजा नै भेट । (१४)
३. तिमीले कल्पनामै कैयौँ चोटि उनलाई (१६)
इन्द्रधनु जस्तो चुनरीको घुम्टो ओढाइदिसक्यौ, (१७)
४. उनको लाज नै उनको घुम्टो होस् (२३)
तिम्रो अँगालोले उनलाई छोपोस्, (२४)

यस कवितामा परिवेशअन्तर्गतको वातावरण सशक्त रहेको देखिन्छ । स्थान र समयभन्दा वातावरणले कविताको परिवेश निर्माणमा प्रभावकारी भूमिका खेलेको छ । उन (प्रजातान्त्रिक प्रणाली) ले मात्र जनतालाई स्वतन्त्र बनाउन सक्छ । विभिन्न बाद्यवादनमार्फत एउटा मिठो सङ्गीत निर्माण भए झैँ नेपालीहरु लयमा लय मिलाएर प्रजातन्त्र प्राप्तिका लागि अगाडि बढ्न आवश्यक छ । नेपाली जनताले प्रजातन्त्र प्राप्तिका लागि विभिन्न सङ्घर्ष गरिसकेका छन् । प्रजातन्त्र प्राप्तिको मिठो सपना नेपाली जनताले मनमस्तिष्कमा सजाइसकेका छन् । यहाँ २३ तथा २४ औँ हरफमा नायक नायिकाको सन्दर्भबाट प्रजातन्त्र प्राप्तिको सुखद परिवेश निर्माण गरेको देखिन्छ । यसरी विभिन्न सन्दर्भबाट प्रजातन्त्र प्राप्तिका लागि उत्साहित नेपाली जनताको मनोवैज्ञानिक परिवेशलाई कवितामा प्रभावकारी रुपले देखाइएको छ ।

## ३.६. उद्देश्य

प्रजातन्त्र प्राप्तिका लागि उत्साहित जनतालाई क्रान्तितर्फ उन्मुख गर्नँ 'भेट' कविताको मुख्य उद्देश्य रहेको देखिन्छ । आम नेपाली जनताले क्रान्तिको सुरुआत गरिसकेका छन् । निरङ्कुश शासनबाट नेपाली जनता आन्दोलित बनेको अवस्था छ । स्वतन्त्रताको गीत सुसेल्न सुरु गरिसकेका नेपालीहरु अब औँसीको कालो रातलाई चिर्दै उज्यालोको खोजीमा लाग्न तयार छन् । उनीहरु अब निरङ्कुशता विरुद्ध लड्न कुनै खास समयसम्म धैर्य गर्न पनि सक्दैनन् । नेपाली जनताले प्रजातन्त्रको सपनालाई मनमस्तिष्कमा सजाइसकेका छन् । यस कुरालाई निम्न लिखित साक्ष्यबाट बुझ्न सकिन्छ :

तिमीले कल्पनामै कैयौँ चोटि उनलाई
इन्द्रधनु जस्तो चुनरीको घुम्टो ओढाइदिसक्यौ ।

प्रजातन्त्रको प्रतीक्षामा रहेका जनता स्वतन्त्रताको सपना देख्न थालेका छन् । क्रान्तिको आगो सल्केको छ । यद्यपि नेपालीहरुले त्यस्तो क्रान्तिलाई वीरताका साथ देखाउन भने सकिरहेका छैनन् । कविले आफूले देखेको सपना पूरा गर्न केही समय पनि प्रतीक्षा गर्न नहुने भाव कवितामा व्यक्त गरेका छन् । यसलाई तलको साक्ष्यले प्रस्ट पारेको छ :

पुर्नेको जूनलाई किन पर्खेको ?
....तिमी उनलाई आजै यो औँसीको रातमा भेट ।

परिवर्तनको यो तीव्र चाहनालाई मूर्त रुप दिन पटक्कै ढिलो गर्न नहुने धारणा कविको पाइन्छ । निरङ्कुश व्यवस्थालाई यहाँभन्दा बढी टिकाउन नहुने र क्रान्तिका लागि यहाँभन्दा उपयुक्त समय पर्खन नहुने धारणा कवितको रहेको छ । प्रजातन्त्रमा पनि सुखद् वातावरण नहुने हो कि ? भन्ने कल्पना गर्नतिर नलागी खुरुक्क क्रान्तिको विगुल फुक्नुपर्ने विचार यहाँ पाइन्छ । कविको यस विचारलाई निम्न लिखित साक्ष्यले प्रस्ट पारेको छ :

भेटमा ओझ्गाले साइत गाओस् भन्ने छ ?
के उनको बोली सुरिलो छैन ?
उनको बोलीको लयमा तिमी खालि मुन्टो हल्लाउँदै-
ताल मात्रै दिन सक,

वस्तुतः प्रजातान्त्रिक व्यवस्थाका सुन्दर पक्ष र निरङ्कुश शासन व्यवस्थाका प्रताडनालाई नेपाली जनताले पहिचान गरिसकेको सन्दर्भ यहाँ आएको छ । २००२ सालमा नै प्रकाशित यस कविताले मूलतः प्रजातान्त्रिक व्यवस्थापूर्वको नेपाली नेपाली जनतामा आएको जागरण र क्रान्तिचेतनालाई प्रभावकारी ढङ्गले अभिव्यक्त गरेको देखिन्छ ।

## ३.७. दृष्टिबिन्दु

प्रस्तुत कविता 'तिमी' प्रति सम्बोधन गरी रचना गरिएको छ । कविले भावकप्रति सम्बोधित गरी भनेको कथन द्वितीय पुरुषमा पनि कथित वा आत्मालापित हुन सक्छ (त्रिपाठी, २०६५ पृ. १९)। यस कवितामा तिमी भनी आम नेपालीलाई नै सम्बोधन गरेको देखिन्छ । कवितामा 'तिमी उनलाई...' सातपटक दोहोरिएको छ । 'तिमी' सहभागीलाई समाख्याताले प्रत्यक्ष उपस्थित नभई विभिन्न आज्ञा दिएका छन् भने कतिपय स्थानमा तिमीप्रति विभिन्न किसिमका इच्छा पनि प्रकट गरेका छन् । कवितामा 'उनी' सर्वनामको बाक्लो प्रयोग भए तापनि 'तिमी' प्रति सम्बोधनकै क्रममा आएकाले यसलाई दृष्टिबिन्दुका रुपमा बुझ्न नहुने देखिन्छ । यस तथ्यलाई तलको साक्ष्यबाट प्रस्ट बुझ्न सकिन्छ :

तिमी उनलाई उनकै प्रकाशमा देख,
तिमी उनलाई आजै यो औँसीको रातमा भेट ।

तिमी पात्रका रुपमा आम नेपालीलाई बुझाइएको देखिन्छ । मूलतः परिवर्तनप्रति सचेत र विद्रोही नेपालीलाई यहाँ तिमीका रुपमा सम्बोधन गरिएको छ । परिवर्तनका लागि पटक्कै ठिला र अलमल गर्न नहुने विचार समाख्याताले तिमीलाई बताएका छन् । समाख्याता एकालापीय शैलीमा विभिन्न आग्रह गर्दै आफूलाई भने कवितामा देखाउन चाहँदैनन् । अतः यस कवितामा द्वितीय पुरुष दृष्टिविन्दुको कलात्मक प्रयोग पाइन्छ ।

## ३.८ भाषाशैलीय विन्यास

भाषाशैलीय विन्यासअन्तर्गत भेट कवितामा प्रयुक्त सङ्केतक र सङ्केतित, बिम्ब, प्रतीक, अलङ्कार, लय जस्ता पक्षलाई तलका उपशीर्षकमा देखाइएको छ :

## ३.८.१ सङ्केतक र सङ्केतित

यस कवितमा प्रयुक्त मुख्य मुख्य सङ्केतक र तिनले सङ्केतित गर्ने अभिधेयार्थ अनि सन्दर्भार्थलाई तलको तालिकामा देखाइएको छ :

| क.स. | सङ्केतक | सङ्केतित : अभिधेयार्थ | सङ्केतित सन्दर्भार्थ |
|---|---|---|---|
| १ | तिमी | द्वितीय पुरुष सर्वनाम (कुनै पुरुष) | प्रजातन्त्रप्रति सचेत नेपाली जनता |
| २ | उनी | तृतीय पुरुष सर्वनाम (कुनै स्त्री) | प्रजातन्त्र |
| ३ | औँसीको रात | अन्धकार | निरङ्कुश शासन व्यवस्था |
| ४ | वसन्त | छ ऋतु मध्ये एक | उचित समय |

| | | | |
|---|---|---|---|
| ५ | उनकै सुवासमा तिमी सास फेर | उनको मिठो वासनासँग तिमी स्वास फेर | प्रजातन्त्र प्राप्तिपछिको स्वतन्त्रतामा तिमी रमाऊ |
| ६ | बजार जाने बेर नगर | किनमेलका लागि बजार गएर समय बर्बाद नगर | अरुको पछि नलागी आफ्नो लक्ष्यमा अगाडि बढ |
| ७ | साटन जस्तो उनको छाला | नरम/मुलायम छाला | जनतालाई प्रजातान्त्रिक व्यवस्थाले दिने स्वतन्त्रता |
| ८ | प्रकाश | किरण | प्रजातन्त्रका सुन्दर अभिलक्षणहरु |

प्रस्तुत कविताको रचनाकाल वि.सं. २००२ रहेको कवितामा नै उल्लेख गरिएको पाइन्छ। तत्कालीन समय निरङ्कुश राणाशासन विरुद्ध प्रजातान्त्रिक आन्दोलनको रहेको थियो। निरङ्कुश शासकहरूले प्रजातन्त्रका सेनानीहरूप्रति बर्बर दमन गरी सहिद बनाएको नेपाली इतिहासकै पृष्ठभूमिका यो कविताको रचना भएको पाइन्छ। गोपालप्रसाद रिमालका आमाको सपना, यो के ? जस्ता क्रान्तिकारी, परिवर्तनकामी कविता रचनाकै सन्दर्भमा प्रस्तुत कविता रचित देखिन्छ। रिमाल प्रजातान्त्रिक आन्दोलनका अग्रणी कवि भएको तथा कवितामा प्रयुक्त पूर्वापर सन्दर्भले समेत प्रस्तुत कविताबाट माथि उल्लेखित सन्दर्भार्थ बुझ्न सकिन्छ।

## ३.८.२ लय

'भेट' गद्यलयमा रचित कविता हो। यसमा नियोजित नभई स्वतस्फूर्त, स्वाभाविक लयको प्रयोग भएको पाइन्छ। अग्रभूमीकरण, समानान्तरता, पुनरावृत्ति जस्ता कुराले यस कवितामा लय निर्माण गरी कवितालाई मिठासपूर्ण बनाएको देखिन्छ। यहाँको लय प्रयोगलाई निम्नानुसारका साक्ष्यबाट देखाउन सकिन्छ :

**पङ्क्तिपुञ्ज १**

... जूनलाई... (१)
...उनैलाई... (२)
तिमी उनलाई...प्रकाशमा देख, (३)
तिमी उनलाई ...रातमा भेट। (४)

**पङ्क्तिपुञ्ज २**

... कुरेको ? (५)
... हो र ? (६)
...तिमी... फेर, (७)

तिमी... भेट (८)

**पङ्क्तिपुञ्ज ३**

...छ ? (१०)
... छैन ? (११)
उनको ... तिमी (१२)
...सक, (१३)
तिमी उनलाई ...भेट । (१४)
तिमी उनलाई ... (१५)

**पङ्क्तिपुञ्ज ४**

...ओढाइदिसक्यौ, (१७)
... लगाइदिसक्यौ, (१८)
... भेट, (२१)
... नगर । (२२)
... घुम्टो होस् (२३)
... छोपोस्, (२४)
...हेर, (२५)
... भेट । (२६)

प्रस्तुत कवितामा पङ्क्तिपुञ्ज १ मा देख, भेट जस्ता अन्त्यानुप्रासको प्रयोग देखिन्छ । पङ्क्तिपुञ्ज २ मा मा कुरेको ? हो र ? जस्ता अन्त्यानुप्रासले समध्वन्यात्मकता निर्माण गरेको छ । यहाँ प्रश्नवाचक चिह्नले समेत लय निर्माणमा भूमिका खेलेको देखिन्छ । पङ्क्तिपुञ्ज २ मा नै फेर, भेट जस्ता अन्त्यानुप्रासको प्रयोग पाइन्छ । पङ्क्तिपुञ्ज ३ मा तिमी उनलाई, तिमी उनलाई जस्ता आद्यनुप्रासको प्रयोग देख्न सकिन्छ । यहाँ छ, छैन, सक, भेट जस्ता समध्वन्यात्मक शब्दले पनि लय निर्माणमा भूमिका खेलेको बुझ्न सकिन्छ । प्रस्तुत कविताको पङ्क्तिपुञ्ज ४ मा ओढाइदिसक्यौ, लगाइदिसक्यौ, घुम्टोहोस्, छोपोस्, हेर, भेट, नगर जस्ता अन्त्यानुप्रासको प्रयोग भएको पाइन्छ । त्यस्तै कवितामा शब्दहरूको आवृत्ति प्रशस्त पाइन्छ जसले समध्वन्यात्मकता सिर्जना गरी लय निर्माणमा सकारात्मक भूमिका खेलेको देखिन्छ । यस कवितामा छन्दोबद्ध कवितामा जस्तो नियोजित रूपले भाषिक विन्यास र पुनरावृत्ति गरिएको छैन । यहाँ अनियोजित अथवा स्वतःस्फूर्त वितरित भाषिक विन्यासबाट गद्य कवितात्मक लयलाई उत्कर्षमा पुऱ्याएको देखिन्छ । यस कवितामा आँसी, फूल, जून, प्रकाश, पुस, बाजा जस्ता प्रतीकहरूको प्रयोगले कवितालाई सघनता र गाम्भीर्य प्रदान गरेको छ ।

यस कवितामा वर्णित उनको लाज नै उनको घुम्टो होस् भन्ने अंशमा लाजलाई घुम्टोका रूपमा चित्रण गर्दा आर्थी विचलन हुन पुगेको छ । विचलनमा रहेको 'होस्' सँग 'छोपोस्' अन्त्यानुप्रासका रुपमा अर्को पङ्क्तिमा प्रयोग गरिएकाले विचलन साभिप्राय देखिन्छ ।

मुक्त छन्द र मुक्तलयमा संरचित प्रस्तुत कवितामा विद्यर्थक क्रियाको आधिक्य देखिन्छ। यहाँ देख, भेट, फेर, सक जस्ता आज्ञार्थ क्रिया पाइन्छन् भने होस्, छोपोस् जस्ता इच्छार्थ क्रिया रहेका छन्। लय निर्माणका सन्दर्भबाट यी क्रियामा रहेको समध्वन्यान्तकताको समेत भूमिका देख्न सकिन्छ। त्यस्तै पर्खेको ?, कुरेको ? जस्ता 'एको' प्रत्यय एवम् प्रश्नवाचक चिह्नले आन्तरिक लय निर्माणमा विशेष भूमिका खेलेको देखिन्छ।

वस्तुतः क्रान्तिकारी विचार अभिव्यक्त गर्ने प्रस्तुत कवितामा समानान्तरता, विचलन, भाषिक एकाइको पुनरावृत्ति, विशिष्ट भाषिक विन्यास जस्ता पक्षले कविताको आन्तिरिक लय निर्माणमा विशेष भूमिका खेलेको देखिन्छ। उपर्युक्त पक्षले कविताको स्वतन्त्र लयलाई जीवन्त तुल्याउँदै कविताको भावलाई प्रभावकारी बनाउन मदत गरेको देखिन्छ।

## ३.९ व्याख्या र निष्कर्ष

व्याख्या र निष्कर्षलाई निम्नानुसार छुट्टाछुट्टै उपशीर्षकमा देखाइएको छ :

## ३.९.१ व्याख्या

गोपालप्रसाद रिमालद्वारा लिखित 'भेट' कविता संरचनात्मक दृष्टिले सशक्त रहेको देखिन्छ। भेट कवितामा प्रयुक्त 'भेट' ले प्रतीकात्मक अर्थ प्रदान गरेको छ। यसले प्रजातन्त्रको व्यग्र चाहना राख्ने नेपालीको प्रजातन्त्रसँगको भेटलाई सङ्केत गरेको छ। त्यसमा पनि यस शब्दले निरङ्कुशताको अन्त्यसँगै स्वतन्त्रता प्राप्तिको सुमधुर वातावरणसँगको साहचर्यलाई जनाउँछ। यससँगै औँसी, रात आदि शब्दले जहानियाँ राणा शासनले निम्त्याएको शोषण र दमनका कारण नेपाली जनताले भोग्नुपरेको त्रासदीपूर्ण व्यवस्थालाई सङ्केत गर्छ।

यस कवितामा वर्णित फूल, साटनको चोलो, बाजा, चुनरी जस्ता कुराले प्रजातान्त्रिक प्रणालीलाई सुसज्जित गरेका छन्। जनतामा प्रजातन्त्रको सुवास फैलाउन र त्यसको मिठासता फर्फराउन कविले विभिन्न विशेषणले प्रजातान्त्रिक प्रणालीलाई सजाएको पाइन्छ। कवितामा औँसीको रात, पुस जस्ता प्रतीकात्मक शब्दको प्रयोगबाट निरङ्कुश शासन व्यवस्थाको विरोध गरिएको छ। कवितामार्फत नेपालीले देखेको सपना तत्काल साकार पार्न नेपालीलाई उद्यत गराइएको छ।

क्रान्ति सरल, सरस नहुन पनि सक्छ, त्यसका लागि कठोर सङ्घर्ष पनि गर्नुपर्ने कुरा कवितामा उल्लेख गरिएको छ। उन (प्रजातन्त्र) लाई आजै अर्थात पुसमा नै भट्न जोड दिनुले यही कुरालाई सङ्केत गरेको बुझ्न सकिन्छ। बिना सङ्घर्ष स्वतन्त्रता प्राप्ति नहुने कुरालाई कविताले जोडतोडका साथ उठाएको देखिन्छ। उनी (प्रजातन्त्र) लाई कोमलता र सौन्दर्यपूर्ण बनाउन नायिकाका रुपमा चिनाउन खोजिएको पाइन्छ। तिमी (नेपाली जनता) लाई उनीप्रति आकर्षित

तुल्याइएको र उनको सौन्दर्यमा मोहित तुल्याइएको छ । यसबाट बिम्बात्मक रुपले प्रजातन्त्रप्रति अघि बढिरकेका नेपालीको गतिलाई प्रवाहशील तुल्याएको बुझ्न सकिन्छ ।

यहाँ एकातिर नेपाली जनता प्रजातन्त्र प्राप्तिका लागि आतुर छन् भने अर्कातिर क्रान्तिका लागि उपयुक्त समयको प्रतीक्षा गरिरहेका छन् । यस्तो दोधारको मानसिकतालाई कविले तत्काल अन्त्य गर्न र निश्चिन्त भई परिवर्तनको आँधीबेहरी सिर्जना गर्न नेपालीलाई आह्वान गरेका छन् । उनी पुर्नेको जूनलाई नपर्खन, वसन्तको माधुर्यलाई नपर्खन, शृङ्गारका सामान किन्न बजार नजान सल्लाह दिन्छन् । कवितामा बिम्बात्मक रुपले कविले बिना रोकटोक प्रजातन्त्र प्राप्तिमा होमिन सारा नेपालीलाई उद्दीप्त तुल्याएको बुझ्न सकिन्छ ।

नेपाली समाजमा व्याप्त अशिक्षा, अन्धविश्वास, गरिबी आदिलाई रात, पुस जस्ता नवीन प्रतीकहरुसँग जोड्ने कविले स्वतन्त्रता/प्रजातन्त्र जस्ता कुरालाई फूल, सुवास, जून जस्ता पक्षसँग जोडेको पाइन्छ । प्रजातन्त्रको सौन्दर्य वृद्धिका लागि स्त्रीलिङ्गीकरण मात्र नगरी बेहुलीकै रुपमा वर्णन गर्नु कविको खास काव्य कुशलताका रुपमा बुझ्न सकिन्छ ।

औँसीको रातको मूल दृश्यमा नै केन्द्रित रहेको प्रस्तुत कविता एउटै मूलभावमा रही २७ पङ्क्तिमा विस्तारित छ । ४ देखि १२ पङ्क्तिसम्मका पङ्क्तिपुञ्ज रहेको प्रस्तुत कविताका विभिन्न प्रसङ्गहरु एउटै मूलभावमा वर्तुलित भएको पाइन्छ । पहिलो पङ्क्त पुञ्जमा आएको मूल प्रसङ्ग चार पटकसम्म पुनरावृत्ति भएको पाइन्छ । एउटै दृश्यमा विभिन्न पङ्क्तिपुञ्ज, प्रसङ्ग तथा पुनरावृत्ति पाइनाले यो प्रगीतात्मक कविताको पूर्ण संरचनामा रहेका बुझ्न सकिन्छ ।

## ३.९.२ निष्कर्ष

चार पङ्क्तपुञ्जमा विस्तारित 'भेट' कविता दृश्यहरुमा खासै विभक्त देखिँदैन । प्रजातन्त्रको उदयपूर्व रचिएको यस कवितामा तत्कालीन नेपाली जनतामा देखिएको प्रजातन्त्रप्रतिको आस्थाभाव प्रकटिएको छ । कविताले निरङ्कुशतालाई सहेर एक क्षण पनि बस्नु नहुने कथ्य प्रस्तुत गरेको छ । तिमी र उनी मूल सहभागी रहेको यस कवितामा कविको प्रत्यक्ष उपस्थिति देखिँदैन । सम्बोधनात्मक किसिमको प्रस्तुत कविताले नेपाली जनतालाई 'तिमी' र प्रजातन्त्रलाई 'उनी'का रुपमा चित्रण गरेको छ । कवितामा निरङ्कुश राणा शासनलाई औँसीको रात, पुसको जाडो आदिसँग तुलना गरिएको छ भने प्रजातन्त्रलाई मिठो बाजा, वसन्त, स्त्रीको सौन्दर्य आदिसँग दाँजिएको देखिन्छ । अभिधेय अर्थबाट हेर्दा शृङ्गारिक पृष्ठभूमिमा यो कविता संरचित देखिन्छ । कवितामा नायकले नायिकाप्रति भेटको तीव्र इच्छा प्रकट गरेको अभिधेय सन्दर्भ कवितामा पाइन्छ । कविता व्यञ्जनार्थबाट बढी प्रकटिएको देखिन्छ । व्यङ्ग्यार्थमार्फत नै कविताको प्रभावकारिता र शिल्प सौन्दर्य उजागर भएको छ । यहाँ प्रजातन्त्र प्राप्तिका लागि उत्साहित जनतालाई क्रान्ति गर्न कुर्न नहुने सन्देश व्यक्त भएको छ । भेट,

सक, हेर, नगर जस्ता अन्त्यानुप्रासको प्रयोग भएको यस कवितामा 'तिमी उनलाई आजै यो औँसीको रातमै 'भेट' भन्ने हरफ चारपटक आवृत्ति भएको छ । तिमी, उनी, घुम्टो, चोलो, अँगालो, जस्तो आदि शब्दमा समध्वन्यात्मकता हुँदा आन्तरिक लय मधुर बन्न पुगेको छ । मूलतः यो कविता पूर्ण, परिवर्तनशील र स्वायत्त संरचना भएको कृति हो । अतः संरचनात्मक दृष्टिले प्रस्तुत कविता सशक्त र प्रभावकारी देखिन्छ ।

## सन्दर्भ सामग्रीसूची

गौतम, लक्ष्मणप्रसाद (२०६६). *समकालीन नेपाली कविताका प्रवृत्ति.* काठमाडौँ : पैरवी प्रकाशन ।

त्रिपाठी, वासुदेव र अन्य. (२०६५). *नेपाली कविता भाग ४.* ललितपुर : साझा प्रकाशन ।

रिमाल, गोपालप्रसाद (२०७६). *आमाको सपना (नवौँ संस्करण).* ललितपुर : साझा प्रकाशन ।

लुइटेल, खगेन्द्रप्रसाद (२०६२). *कविताको संरचनात्मक विश्लेषण.* काठमाडौँ : विद्यार्थी पुस्तक भण्डार ।

...........(२०६०). *कविता सिद्धान्त र नेपाली कविताको इतिहास.* काठमाडौँ : नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान ।

शर्मा, मोहनराज. (वि.सं.२०६३). *समकालीन समालोचना सिद्धान्त र प्रयोग* (दो.सं.). काठमाडौँ : अक्सफोर्ड इन्टरनेसनल पब्लिकेसन ।

सुवेदी, राजेन्द्र र गौतम. लक्ष्मणप्रसाद (सम्पा.) (२०७६). *रत्न बृहत् नेपाली समालोचना (सैद्धान्तिक खण्ड).* काठमाडौँ : रत्न पुस्तक भण्डार ।

..............(२०७६). *रत्न बृहत् नेपाली समालोचना (प्रायोगिक खण्ड).* काठमाडौँ : रत्न पुस्तक भण्डार ।